# स्थानीय राजपत्र

खण्ड ८ संख्या ४ मितिः २०८१।०२।०७

## भाग-२
## जनकपुरधाम उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## जनकपुरधाम, धनुषा
## मधेश प्रदेश, नेपाल

# जनकपुरधाम उपमहानगरपालिकाको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८१

प्रस्तावनाः जनकपुरधाम उपमहानगरपालिका नगर क्षत्रेमा रहका सबै सामदुायिक विद्यालयमा रहेको शिक्षक विद्यार्थी संख्याको गणितीय अनुपात बमोजिम विद्यालयमा शिक्षक दरबन्दी मिलान गरी विद्यालयहरुको पठनपाठनलाई प्रभावकारी तथा व्यवस्थित गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ३ को दफा (११) ज, जनकपुरधाम उप-महानगरपालिका नगर शिक्षा ऐन २०७७ को दफा ५५ ले दिएको अधिकार बमोजिम यो शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि नगर कार्यपालिकाको मिति २०८१/०१/२७ गतेको बैठकवाट स्वीकृत गरी लागु गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक
### संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि जनकपुरधाम उपमहानगरपालिका भर लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "नगरपालिका" भन्नाले जनकपुरधाम उपमहानगरपालिका बुझ्नु पर्छ ।

(ख) "प्रमुख " भन्नाले जनकपुरधाम उपमहानगरपालिकाको नगर प्रमुख लाई बुझ्नु पर्नेछ ।

(ग) "उप प्रमुख " भन्नाले जनकपुरधाम उपमहानगरपालिकाको उप-प्रमुख लाई बझ्नु पर्नेछ ।

(घ) "कार्यपालिका" भन्नाले जनकपुरधाम उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ)" प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जनकपुरधाम उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च)"नगर शिक्षा समिति" भन्नाले जनकपुरधाम उपमहानगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनु पर्छ ।

(छ) "दरबन्दी मिलान" भन्नाले स्वीकृत दरबन्दीमा रहेका स्थायी, अस्थायी शिक्षक र त्यस्ता दरबन्दीमा रहेका सबै खाले सट्टा शिक्षक, बढुवाका शिक्षक, शिक्षक अनुदान कोटा, राहत कोटामा रहेका शिक्षक, अपाङ्ग शिक्षक र यस्तै अन्य प्रचलित स्केलअनुसारको तलब भत्ता पाउने शिक्षकलाई सम्झनु पर्छ ।

(ज) "ऐन"भन्नाले नगर शिक्षा ऐन, २०७७ (संशोधन सहित) सम्झनु पर्छ ।

(झ) "तह" भन्नाले विद्यालयको तह सम्झनु पर्छ ।

(ञ) "सामदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफारहित प्रकृतिको नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउनेगरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ट) "शिक्षक" भन्नाले विद्यालयमा पठनपाठन गराउने अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक र बालविकास शिक्षक समेतलाई जनाउँछ ।

(ठ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले जनकपुरधाम उपमहानगरपालिका क्षेत्र भित्रका विद्यालयका विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ड) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेका नियम वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ढ) "सम्बन्धित निकाय" भन्नाले उप-महानगरपालिका, शिक्षा विकास तथा समन्वय इकाइ, शिक्षा विकास निर्देशनालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सम्झनु पर्छ ।

ण) "स्थानान्तरण" भन्नाले उप-महानगरपालिका भित्रका समुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुलाई दरबन्दी मिलान तथा व्यवस्थापनका क्रममा कार्यरत विद्यालयवाट उप-महानगरपालिका भित्रको अन्य विद्यालयमा दरबन्दी सहित कामकाज गर्न खटाइएको सम्झनु पर्छ ।

त) अन्य शब्द, नामावली र पदको अर्थ प्रचलित ऐन कानुन र नियमानुसार रहेको सम्झनु पर्छ ।

## परिच्छेद-२

## विवरण अधावधिक

३. विवरण अध्यावधिक गर्ने : (१) विद्यालयको कक्षागत विद्यार्थी तथा कार्यरत शिक्षकहरूको विवरण अध्यावधिक गर्नुपुर्नेछ । विवरण अध्यावधिक गर्दा लगत्तै पछिल्लो शैक्षिक सत्रको EMIS अनुसार कक्षागत विद्यार्थी संख्या र विद्यालयमा स्वीकृत दरबन्दी तथा राहत दरबन्दी लगायत सरकारी अनदुानबाट तलब खानेगरी शिक्षक छनौट प्रक्रिया पूरा गरी आएका हाल कार्यरत स्थायी, अस्थायी तथा राहत र बालविकास शिक्षक एवम् कर्मचारीहरूको विवरण अधावधिक गर्नुपर्नेछ । अवधि तोकी काजमा रहेका शिक्षककोहकमा जुन विद्यालयबाट तलबभत्ता पाउँदछन सोही विद्यालयको शिक्षकमा गणना गर्नुपुर्नेछ । अवधि नतोकेकोमा दरबन्दी जुन विद्यलयमा रहेको छ सोही विद्यालयमा गणना गर्नुपर्नेछ ।

४. विद्यालयगत शिक्षक विद्यार्थी अनुपात निकाल्नेः(१) विद्यालयगत शिक्षक विद्यार्थी अनुपात गण्ना गर्दा ५० जना विद्यार्थी बराबर एक  जना शिक्षक अर्थात् १:५० मानी अनुपात निकाल्नुपर्नेछ ।

## परिच्छेद-३

## विद्यालयगतरूपमा आवश्यक शिक्षक व्यवस्थापन गर्दा लिइने आधारहरू

५. सामुदायीक विद्यालयमा शिक्षक व्यवस्थापन गर्दा निम्न आधारहरु अवलम्वन गरी व्यवस्थापन गर्नु पर्नेछ

५.१) कक्षा १-३ सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी सख्या रहेपनि न्यूनतम २ ओटा दरबन्दी कायम  गर्ने ।

५.२) खण्ड ५.१ बमोजिमको विद्यालयमा एकसठ्ठी ६१ जना विद्यार्थी वा सो भन्दा बढी भएमा र हाल विद्यालयमा ३ ओटा दरबन्दी कायम रहेको भए ३ (तीन)ओटै दरबन्दी कायम गर्ने । तर त्यस्तो विद्यालयमा १५० (एक सय पचास) जना विद्यार्थी नपुगे सम्म थप दरबन्दी वा शिक्षक अनदुान प्रदान नगर्ने। ।

५.३) कक्षा १-५ सञ्चालन भएका सामदुायिक विद्यालयमा जति सुकै न्यून विद्यार्थी सख्या भएपनि न्यूनतम ३ (तीन) ओटासम्म  दरबन्दी (स्वीकृत वा राहत कोटा) कायम गर्ने ।

५.४) खण्ड ५.३ बमोजिमको विद्यालयमा विद्यार्थी सख्या १२० देखि १४९ सम्म भई ४ जना शिक्षक कार्यरत रहेको (स्वीकृत दरबन्दी वा राहतको कोटा) अवर्स्थामा ४ ओटा दरबन्दी कायम गर्ने।

५.५) खण्ड ५.३ बमोजिमको विद्यालयमा विद्यार्थी संख्या १५० जना वा सो भन्दा बढी भई त्यस विद्यालयमा ५ जना सम्म दरबन्दी  रहेको भए ५ ओटै दरबन्दी कायम गर्ने ।तर त्यस्तो विद्यालयमा २५० जनाभन्दा बढी विद्यार्थी नपुगेसम्म त्यस्ता विद्यालयमा ५ जना भन्दा बढी शिक्षक हुने गरी थप दरबन्दी वा शिक्षक अनुदान प्रदान गर्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा जनकपुरधाम नगर शिक्षा ऐन अनुसार कायम गर्ने ।

५.६) कक्षा १-८ संचालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी रहेपनि ७ जना ( प्रा.वि.३जना र नि.मा.वि.४ जना) शिक्षक दरबन्दी (स्वीकृत वा राहत कोटा वा नगरपालिका अनुदानको) कायम गर्ने ।

५.७) खण्ड ५.६ बमोजिमको विद्यालयमा २४० भन्दा बढी विद्यार्थी संख्या भई नि.मा.वि. तहमा गरी ९ ओटामा दरबन्दी कायम रहेको भए यथावत रहन दिने, तर ४०० जना भन्दा बढी विद्यार्थी नपुग्दासम्म थप दरबन्दी वा शिक्षक अनुदान प्रदान नगर्ने ।सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा जनकपुरधाम नगर शिक्षा ऐन अनुसार कायम गर्ने ।

५.८) कक्षा ९-१० संचालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी संख्या भएपनि न्यूनतम ५ ओटासम्म(दरबन्दी वा राहत वा नगरपालिका अनुदान) शिक्षक दरबन्दी कायम गर्ने ।सो भन्दा शिक्षक संख्या थप घट गर्नु पर्दा विद्यार्थी संख्याको आधारमा जनकपुरधाम नगर शिक्षा ऐन अनुसार कायम गर्ने ।

५.९) कक्षा ९-१२ संचालन भएका सामुदायिक विद्यालय जतिसुकै न्यून विद्यार्थी संख्या भए पनि न्यूनतम ८ (जोड-३) ओटासम्म दरबन्दी (स्वीकृत वा राहत कोटा वा नगरपालिका अनुदान) कायम गर्ने ।

५.१०) खण्ड ५.९ बमोजिम भन्दा बढी शिक्षक दरबन्दी (स्वीकृत वा राहत कोटा वा नगरपालिका अनुदान) थप गर्नुपर्दा उच्च विद्यार्थी तथा संकायको आधारमा पालिकामा प्राप्त कोटाको आधारमा गर्ने ।

५.११) कक्षा ६-१० संचालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी भए पनि न्यूनतम ९(निमावि ४ र मावि ५ जना) दरबन्दी (स्वीकृत वा राहत वा नगरपालिका अनुदान) कायम गर्ने ।

५.१२) खण्ड ५.११ बमोजिम भन्दा बढी दरबन्दी थप गर्नु पर्दा जनकपुरधाम उपमहानगरपालिका क्षेत्रका विद्यालयमा ३०० विद्यार्थी नपुग्दासम्म तहगतरुपमा दरबन्दी नथप्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षा नियमावली अनुसार कायम गर्ने ।

५.१३) कक्षा ६-१२ संचालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी भए पनि न्यूनतम १२ (निमावि ४ र मावि ५, उमावि ३) दरबन्दी (स्वीकृत वा राहत वा नगरपालिका अनुदान) कायम गर्ने ।

५.१४) खण्ड ५.१३ बमोजिम भन्दा बढी शिक्षक दरबन्दी थप गर्नु पर्दा जनकपुरधाम उपमहानगरपालिका क्षेत्रका विद्यालयमा ४०० विद्यार्थी नपुग्दासम्म तहगतरुपमा दरबन्दी थप्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा जनकपुरधाम नगर शिक्षा नियमावली अनुसार कायम गर्ने ।

५.१५ प्रारम्भिक बालविकास कक्षामा २० जना बालवालिका बराबर १ बालविकास शिक्षक दरबन्दी कायम गर्नेछ । २० जना भन्दा बढी भए प्रत्येक २० बराबर १ बालविकास शिक्षक दरबन्दी थप गरिनेछ ।

५.१६ प्रारम्भिक बालविकास शिक्षको दरबन्दी मिलान गर्दा बालविकास शिक्षकलाई सकेसम्म निजको घर नजिक वा पायक पर्ने विद्यालयमा स्थानान्तरण गर्ने ।

## परिच्छेद-४
## दरबन्दी मिलानका थप प्रक्रिया र आधारहरु

६. शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापनका आधार र प्रक्रिया : यस कार्यविधी अनुसार शिक्षकहरुको दरबन्दी मिलान र व्यवस्थापन गर्दा निम्न आधार र प्रक्रिया अवलम्वन गर्नु पर्नेछ ।

१. चालु शैक्षिक सत्र र गत शैक्षिक वर्षको EMIS, विद्यार्थी भर्ना अभिलेख तथा विद्यालयको स्थलगत अनुगमनमा देखिएको विद्यार्थी उपस्थितिलाई मुख्या आधार बनाईनेछ ।

२. विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी/अस्थायी, राहत, बालविकास शिक्षक, शिक्षण सिकाइ सहयोग अनुदान कोटा र उप-महानगरपालिकाको शिक्षक अनुदान कोटामा कार्यरत तहगत शिक्षकको सङ्ख्यालाई आधार लिईनेछ ।

३. दरबन्दी मिलानको क्रममा बढी हुन आई कटौती गर्नुपर्ने दरबन्दीलाई शिक्षक विद्यार्थी अनुपातका आधारमा अन्य विद्यालयमा खटाउँदा सबैभन्दा बढी विद्यार्थी भएका र हाल शून्य वा न्यूनतम दरबन्दी भएका विद्यालयहरुमा प्राथमिकता क्रममा तह अनुसार शिक्षकको स्थानान्तरण गरिनेछ ।

४. यसरी शिक्षक व्यवस्थापन गर्दा भरसक माथिल्लो शैक्षिक योग्यता भएका शिक्षकलाई माथिल्लो तहमा शिक्षक कमी भएका विद्यालयहरुमा क्रमशः स्थानान्तरण गरिनेछ ।

५. सम्बन्धित तहको दरबन्दी उपलब्ध गराउन नसक्ने अवस्थामा तल्लो तहको माथिल्लो शैक्षिक योग्यता भएका शिक्षकहरुबाट कक्षा सञ्चालनको व्यवस्था मिलाई तत्कालको शिक्षक अभाव सम्बोधन गरिनेछ ।

६. शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा सकेसम्म विषयगत समस्या कम हुने गरी मिलान गरिनेछ ।

७. तोकिएको शिक्षक विद्यार्थी अनुपातका आधारमा विद्यार्थी सङ्ख्या कम र शिक्षक सङ्ख्या बढी भै दरबन्दी कटौतीमा परेका र यस अघि रिक्त भएका एवम् तत्काल रिक्त हुन आउने कुनै पनि तह र प्रकारको शिक्षक दरबन्दीमा पदपूर्ति एवम् सरुवा सहमति दिइने छैन र उक्त दरबन्दीलाई थप गर्नुपर्ने विद्यालयमा मिलान तथा स्थानान्तरण गरिनेछ ।

८. सामुदायिक विद्यालयहरुमा दरबन्दी मिलान तथा व्यवस्थापन कार्य सम्पन्न भए पश्चात मात्र रिक्त दरबन्दीहरुमा नगर शिक्षा समितिको निर्णयानुसार शिक्षक सरुवा तथा पदपूर्तिको व्यवस्था गरिनेछ ।

९. महिला तथा अपाङ्गता भएका शिक्षकहरुलाई सकभर घरपायक पर्नेगरी स्थानान्तरण गरिनेछ

१०. आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०) सञ्चालन भएको विद्यालयमा न्यूनतम दरबन्दी नभएको अवस्थामा दरबन्दी थप गर्नुपर्ने भएमा प्रथमिक तहको दरबन्दीबाट तत्कालका लागि माथिल्लो योग्यता भएका र तालिम प्राप्त शिक्षकको स्थानान्तरण गर्न सकिनेछ ।

११. शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन विद्यालयमा जनशक्तिको सङ्ख्यात्मक र विषयगत मिलान समेत भएकाले सामान्यतया शिक्षा ऐन २०२८ (संशोधन सहित) तथा शिक्षा नियमावली २०५९ (संशोधन सहित) को अनुसूचीमा उल्लेखित तहगत र विषयगत दरबन्दी मिलानमा प्रभावपर्ने गरी विषय परिवर्तन गरिने छैन ।

१२. कुनै विद्यालयमा शिक्षा ऐन २०२८ (संशोधन सहित) तथा शिक्षा नियमावली २०५९ (संशोधन सहित) को अनुसूचीमा उल्लेखित तहगत र विषयगत दरबन्दीमा एउटै विषयको शिक्षक

दरबन्दी एकभन्दा बढी भएमा अनिवार्य विषयहरुको प्राथमिकताक्रममा विषयगत मिलान हुनेगरी दरबन्दी सिर्जना, मिलान र पदपूर्ति गरिनेछ ।

१३. कुनै विद्यालयको दरबन्दी कट्टा गरी स्थानान्तरण गर्नु पर्ने भएमा क्रमशः हाल रिक्त रहेको दरबन्दी, करार, राहत, अस्थायी र स्थायीको स्थानान्तरण माग र कनिष्ठताका आधारमा गरिनेछ

१४. कुनै विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या उच्च, विद्यमान शिक्षक दरबन्दी न्यून र माथिल्लो तह सञ्चालित भएमा शिक्षक दरबन्दी थप गरिनेछ ।

१५. दरबन्दी मिलान गर्दा बढी हुन आउने शिक्षक दरबन्दीलाई नगरपालिकाको सङ्ख्या उच्च र शिक्षक दरबन्दी न्यून भएका विद्यालयहरुमा काजमा खटाइनेछ ।

१६. आन्तरिक सरुवाका लागि प्राप्त निबेदनहरु मध्ये माग तथा हाल बसोबास रहेको स्थानका आधारमा शिक्षकहरुलाई जेष्ठताका आधारमा काजमा खटाइने वा स्थानान्तरण तथा पदस्थापन गरिनेछ । तर यस प्रक्रियामा आपाङ्गता भएका र महिलाहरुलाई प्राथमिकता दिइनेछ ।

१७. पारस्परिक सरुवाको लागि विद्यालय व्यवस्थापन समितिको सहमतिमा काज सरुवा गर्न सकिने छ ।

१८. यस उप-महानगरपालिका भित्रका विद्यालयमा कार्यरत अस्थायी, करार, राहत, बालविकास तथा स्थायी शिक्षकहरुलाई आवश्यकताका आधारमा विद्यालय व्यवस्थापन समितिको सहमतिमा नगर शिक्षा समितिको निर्णय अनुसार काज सरुवा र स्थानान्तरण गर्न सकिनेछ ।

## परिच्छेद-५
## दरबन्दी मिलानपछिको शिक्षक व्यवस्थापन

७. यस कार्यविधी अनुसार दरबन्दी मिलान पछिको शिक्षक व्यवस्थापन गर्दा निम्न व्यवस्थाको अनुसरण गरी शिक्षक व्यवस्थापन गर्नु पर्नेछ ।

१. अपाङ्ग शिक्षकको हकमा अपाङ्गताको प्रकृति हेरी विद्यालयबाट कोटा कट्टी हुँदा निजहरुले चाहेको विद्यार्थी अनुपात बढी भएका विद्यालयमा काममा खटाउने व्यवस्था गर्ने ।

२. शिक्षकलाई अन्य विद्यालयमा काममा खटाँउदा विद्यार्थी संख्याको आधारमा सबैभन्दा बढी विद्यार्थी भएमा विद्यालयका सम्बन्धित तहमा खटाउने गरी क्रमशः विद्यालयहरुलाई सम्बोधन गर्ने ।

३. सर्वप्रथम सम्बन्धित वडा एवं नजिकको वडाका विद्यालयमा स्थानको उपलब्धता र शिक्षकहरुको जेष्ठताको आधारमा रोजिएको विद्यालयमा खटाउने ।स्नातक उत्तीर्ण शिक्षकलाई माध्यमिक विद्यालयमा र स्नाकोत्तर उत्तीर्ण शिक्षकलाई सकेसम्म ११ र १२ चलिरहेको माविमा पठाउने व्यवस्था गर्ने ।

४. दरबन्दी मिलान गर्दा कमी वा बढी हुने शिक्षकहरुको संख्या एकिन गरी सारांश विवरण तयार गर्ने ।

५. महिला र अपांग शिक्षकको हकमा सम्बन्धित शिक्षकको सहमति बेगर कनिष्टमत् भएपनि पहिलो चरणमा अन्यत्र नपठाउने तथा त्यस्ता बढी हुन आउने शिक्षकलाई नगर शिक्षाको पुलमा राख्ने ।

६. दरबन्दी मिलान कार्य सम्पन्न नगर्दासम्म रिक्त पदमा नियुक्ति र सरुवाका लागि अनुमति रोक्का गर्ने र शिक्षण व्यवस्थापन अनुदान समेत वितरण नगर्ने । नियुक्ति र सरुवाको अनुमति रोक्का भएपछि कुनै विद्यालयमा शिक्षक दरबन्दी रिक्त हुन गएमा यदि सो विद्यालयमा विद्यार्थी शिक्षक अनुपात अनुसार दरबन्दी बढी छ भने दरबन्दी मिलान नगर्दासम्म नयाँ नियुक्ति गर्न अनुमति नदिने ने सरुवा गरेर पनि पदपूर्ति नगर्ने । उक्त पद दरबन्दीलाई आवश्यक विद्यालयमा काजमा राख्न सकिने ।

७. दरबन्दी नभएको विद्यालयमा मिलान पछि शिक्षक व्यवस्था गर्नु पेरमा सरुवा भएकै विद्यालयबाट तलब भत्ता खाने गरी काज सरुवा गर्ने ।

८. शिक्षक दरबन्दीका मिलानका लागि खटाउँदा फिडर प्रावि तथा लिडर माविको अवधारणा अनुसार विद्यालय नक्साङ्कनको आधारलाई समेत ख्याल राखी विद्यालयहरुमा खटाउन सिफारिस गर्ने ।

९. दरबन्दी मिलानका कार्य अवधिमा शिक्षा मन्त्रालय वा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट शिक्षक दरबन्दी मिलान सम्बन्धी कुनै नीति नियम निर्देशन वा कार्यविधि जारी भएमा सोही अनुसार गर्ने गराउने ।

अनुसूची २
(दफा ४ तथा अनुसूची (१) को भाग (२) संग सक्बन्धित)

## परिच्छेद-६
## दरबन्दी मिलान कार्यदलको गठन

८. यस कार्यविधी अनुसार शिक्षक दरबन्दी मिलान गर्दा निम्न अनुसारको ७ सदस्यीय कार्यदल गठन गरिनेछ ।

१. दरबन्दी मिलान कार्य गर्नका लागि दरबन्दी मिलान कार्यदलको गठन गरिनेछ । दरबन्दी मिलान कार्यदलका पदाधिकारीहरु देहाय बमोजिम रहनेछन्

क. शिक्षा शाखा प्रमुख - संयोजक

ख. नगर प्रमुखबाट मनोनित नगरकार्यपालिका सदस्य मध्येबाट एक जना महिला - सदस्य

ग. नेपाल शिक्षक महासंघका नगर अध्यक्ष - सदस्य

घ. नगर प्रमुखबाट मनोनित नगर क्षेत्रका आधारभूत र माध्यमिक विद्यालयका प्रधानाध्यापक २ जना -सदस्य

ङ. नगरप्रमुखवाट मनोनित नगर शिक्षा समितको १ जना - सदस्य

च. शिक्षा तथा खेलकुद विकास शाखाको अधिकृत वो सोसरहको कर्मचारी - सदस्य सचिव

२. शिक्षा तथा खेलकुद विकास शाखाका तथ्याङक हेर्ने सहायक कर्मचारी तथा अन्य दुई जना जिम्मेवार पदाधिकारी वा कर्मचारीलाई बैठक र अन्य कार्यमा आमन्त्रित गर्न सकिनेछ ।

३. समितिको सचिवालय नगरपालिकाको शिक्षा तथा खेलकुद विकास शाखामा रहनेछ ।

४. समितिको सचिवालयका लागि आवश्यक पर्ने स्टेशनरी तथा कम्प्यूटर सम्बन्धी कामका लागि आवश्यक पर्ने बजेट रकम तथा समितिका पदाधिकारीहरुको बैठक भत्ता लगायतका सुविधाका लागि आवश्यक पर्ने बजेट रकम नगर कार्यपालिकाले व्यवस्था गर्नेछ ।

५. दरबन्दी मिलान कार्यदलको काम कर्तव्य र अधिकार ।

क. शिक्षक दरबन्दी मिलानका लागि विद्यालयगत मौजुदा शिक्षक संख्या, दरबन्दी मिलानपछि कायम हुने शिक्षक संख्या र थप दरबन्दीका लागि पुग्नुपर्ने न्युनतम विद्यार्थी संख्या एकिन गर्ने ।

ख. शिक्षकहरुबाट भरिएर आएका विद्यालय छनौट फारामहरु विश्लेषण गर्ने र विद्यालयमा तहगत तथा विषयगत रुपमा शिक्षक दरबन्दी मिलान गर्न खटाइने विद्यालय र शिक्षकको नामावली विवरण सहित सिफारिस सहितको प्रतिवेदन पेश गर्ने ।

ग. नगर शिक्षा समितिले दिइएका निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-७
## विविधः

१. शिक्षा तथा खेलकुद विकास शाखाले दरबन्दी मिलानका क्रममा कटौती वा थप भएको विद्यालयलाई सात दिन भित्र दरबन्दी कटौती वा थप भएको जानकारी गराउनेछ ।

२. शाखाले विशेष परिस्थिति बाहेक निर्णय भएको मितिले एक महिना भित्र दरबन्दी मिलानको कार्य सम्पन्न गरी सम्बन्धित निकायहरुलाई जानकारी गराउनेछ ।

३. विद्यालयहरुले दरबन्दी मिलानको क्रममा शिक्षा तथा खेलकुद विकास शाखावाट स्थानान्तरन गरिएका शिक्षकलाई कुनै पनि बहानामा रमाना नदिएमा वा हाजिर नगराएमा सम्बन्धित विद्यालयको तलव भत्ता रोक्का गरिनेछ ।

४. शिक्षा तथा खेलकुद विकास शाखाले नगर शिक्षा समितिको निर्णको आधारमा सम्बन्धित निकायसँग दरबन्दीको माग गर्नेछ । संघिय सरकार तथा प्रदेश सरकारवाट दरबन्दी प्राप्त भएमा जुन तह र किसिमको दरबन्दी प्राप्त भएको हो सोको लागि नगर शिक्षा समितिले प्राथमिकताको आधारमा विद्यालय छनौट गरी वितरण गर्नेछ ।

५. शिक्षा तथा खेलकुद विकास शाखाले समितिको निर्णय अनुसार शिक्षक संख्याको कमीलाई सम्बोधन गर्ने कार्यपालिका बैठकमा आवश्यक नगर शिक्षक दरबन्दी माग गर्नेछ ।

६. पालिकाले नगर शिक्षकको दरबन्दी निर्धारण गरी आवश्यक बजेटको व्यवस्था गर्न सकिनेछ । स्वीकृत दरबन्दी र बजेटका आधारमा नगर शिक्षा समितिले विद्यालय छनौट गरी विद्यार्थी संख्या उच्च र शिक्षक कम भएका विद्यालयलाई वितरण गर्नेछ ।

७. स्थानान्तरन भएको स्थानमा जानुपर्नेः यस कार्यविधि बमोजिम स्थानान्तरन भएका शिक्षकहरु प्रचलित कानुनले तोकेको समयभित्र स्थानान्तरन भएको विद्यालयमा अनिवार्य हाजिर भई कामकाज गर्नुपर्नेछ । यसरी तोकिएको समयमा हाजिर हुन नजाने शिक्षकलाई विद्यालयले हाजिर गराउन बाध्य हुने छैन ।

८. सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ मा व्यवस्था भए बमोजिम विद्यालय समायोजन हुनेछ ।

९. कार्यविधिको व्याख्याः यस कार्यविधिमा उल्लिखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या नगरकार्यपालिकाले गर्नेछ ।

१०. कार्यविधि संशोधनः यस कार्यविधिका प्रावधानहरुमा नगरकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

११. बाधा अड्काउ फुकाउः स्थानीय सरकार संचालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा नगर कार्यपालिकाले गरेको निर्णय र निर्देशनको पालना गर्नु पर्नेछ ।

**कार्यपालिका बाट पारित मितिः-२०८१।०१।२७ गते**

**प्रमाणिकरण मिति :-२०८१।०२।०७ गते**

**आज्ञाले,**

**टेकराज पन्थी**

**प्रमुख प्रशासकीय अधिकृत**

**जनकपुरधाम उपमहानगरपालिका बाट प्रकाशित मुल्य रु. १० दश) रुपैया**